धर्मोपदेश २

# माङमा लीन हुनुपर्छ

किरात साम्यो माङसेवासाबा पान्जुम्भोको २२औं स्थापना दिवसको अवसरमा
२०७६ चैत ५ गते माङसेबुङमा भएको धर्मोपदेश


किरात धर्मगुरू
आत्मानन्द लिङ्देन 'सेइङ'


connect KIRAT

# माङमा लीन हुनुपर्छ

धर्मोपदेशक : किरात धर्मगुरू आत्मानन्द लिङ्देन 'सेइङ'
प्रकाशक : कनेक्ट किरात (किरात डिजिटल लाइब्रेरी)
सर्वाधिकार : © कनेक्ट किरात
सम्पादक : माङमिङसोहाङ लिङ्देन, धनबहादुर फागो
प्रथम संस्करण : २०७७ माघ १७ गते
डिजाइन/मुद्रण : आस्था प्रिन्टर्स, ललितपुर
printersaastha@gmail.com

मूल्य : रू. ५०/-

*भर्चुअल्ली कनेक्टिड किरात हङकङको आर्थिक सहयोगमा धर्मोपदेश २ को सम्पूर्ण सामग्रीहरू तयारी गरिएको हो।*

**ओत् तागेरा निङ्वाभूमाङ, मेन्निमाङ मेन्धामाङ, सेक्खामाङ आनुमाङ, मुजोत्लुङ खेजोत्लुङ, माङलिङमा माङगेप्मा ओत् माङे आसेवारो।**

आज माङसेबुङस्थित किरात हाङसाम मुजोत्लुङ माङहिमको प्राङ्गणमा हामीले किरात साम्यो माङसेवासाबा पान्जुम्भोको २२औं स्थापना दिवस मनाउँदै छौं। सहभागी हुनुभएका माङसेवासाबा र माङसेवासामा, भक्तजन, पत्रकार, विद्वान तथा बुद्धिजीवी।

हामी सबै रमाइलो साथ भेला भएका छौं। हामीले किरात धर्मलाई विश्वव्यापी बनाउन कोसिस गरिरहेका छौं। हामीले सुरू सुरूमा किरात धर्मको प्रचार गर्दा किरात के हो? को हो? भन्थे। ठूलो समुद्रमा ढुङ्गा हानेको जस्तो हुन्थ्यो। तर, अहिले हामी सबै किराती रहेछौं भन्ने बुझ्न थालेका छन्। किरात धर्ममा हामी संगठित हुन थालेका छौं। किरात धर्मको प्रचारप्रसार गर्दा अनेक कुरा आउँछन्। व्यवधानहरू आउँछन्। तर्क वितर्क हुन्छन्। हामीले यस्ता कुरालाई सम्हाल्दै किरात धर्मलाई  यहाँसम्म पुऱ्याएका छौं।

योभन्दा पहिले हाम्रो संस्कृति थियो। शसी मुन्धुम थियो। समय परिवर्तनले हामी अलि ओझलमा परेका थियौं। तर, अहिले सूर्य उदाए जस्तो उदाएका छौं। अब हामीले सत्य मार्गलाई नछाडी अघि बढ्नु पर्छ। तपाईहरूलाई यही सन्देश दिन चाहन्छु।

किरात धर्म स्थापना हुंदा महागुरू फाल्गुनन्द लिङ्देनलाई साङ्ली नलगाएको होइन। उहाँ साङ्ली लगाएर काठमाण्डौसम्म

पुग्नुभयो। त्यहाँ पुगेपछि उहाँलाई त्यतिबेलाका शासकले चिने। यी त राजा होइनन्, युग पुरूष रहेछन् भनेर चिने। त्यसपछि महागुरूलाई फकाउन लागे। गुरू यतै बस्नुपर्छ भनी अनुरोध गरे। हामी मन्दिर बनाइदिन्छौं, जग्गा उपलब्ध गराइदिन्छौं भनेर फकाए। त्यतिबेला राणाहरूले महागुरूको नाममा छुट्याइदिएको जग्गा काठमाण्डौको मृगस्थलीमा अझै पनि छ। त्यो बेला महागुरूले, 'मेरो पछौटे भएको समाज, पछौटे भएका दाजुभाइ, इष्टमित्रलाई सुधार्न आएको हुँ। मेरो ठाउँतिरै फर्किन्छु' भन्नुभयो। र, लिम्बुवानतिरै फर्किनुभयो। फर्किने क्रममा उहाँ पश्चिम थलोबाट फर्किनुभयो। पश्चिमका थारू दाजुभाइलाई पनि सम्झाउनुभयो। थारूहरूले पनि महागुरूलाई जमिन दिएका छन्। तर, अहिले कहाँ भन्ने टुङ्गो छैन।

उहाँ तराईको जंगल हुँदै आफ्नो ठाउँ आउनुभयो। उहाँ आउनुभएपछि हाम्रो मुन्धुमलाई अघि बढाउन थाल्नुभयो। हाम्रा धर्मावलम्बी बढ्ने थाले। त्यति बेला १७ थुम लिम्बुवानका सबै सुब्बाहरू बोलाएर पान्थरको चोकमागुको आठ जिल्ला माङहिममा जम्मा गरेर सम्झाउनुभयो। त्यो बेला त्यहाँ १७ थुम माङहिम बनेको थिएन। हामीले आजदेखि माङको नाममा, देवीदेवताको नाममा, युमाथेबाको नाममा जीव हत्या गर्नु हुँदैन भनेर सम्झाउनुभयो। त्यही बेला मुचुल्का बाँधियो। त्यसैलाई सत्यधर्म मुचुल्का भनिन्छ। १९८८ बैसाक २४ गतेको त्यो सत्य धर्म मुचुल्कामा आजदेखि देवीदेवताको नाममा बलि नदिने, त्यसको बदलामा नैवेद्यले पूजा गर्ने भन्ने लेखियो। यसरी नै छोरीचेलीको चारकलम, सोतरीत नखाने, तीन दशैं नजाने है भनेर लेखियो। यी कुरा लेख्ने व्यक्ति पद्मसुन्दर लाओतीका बाजे शेरबहादुर हुन्। उहाँले तीन ठाउँमा सरेर लेख्नुभएको हो। यसलाई थिबोङ याक्थुङ सा लिम्बुहरूले स्वीकारेका भए अहिले हामीलाई यस्तो दुःख हुने थिएन।

लिम्बुहरूले त्यो कुरालाई स्वीकारेनन्। अनि महागुरू माङ

चिगेक हुनुभयो। माङ चिगेक भनेको माङ रिसाउनु हो। तिमीहरूले मैले भनेको कुरा सुनेनौ। अब पृथ्वीनारायण शाहको वंशमा जान्छु। तिमीहरूको खाइनपाइन सबै उप्काएर लान्छु। नाङ्गो बनाउँछु। गएँ म पृथ्वीनारायण शाहको सन्तानको आत्ममा भन्नुभयो। त्यतिबेला लिम्बुहरूले के सोचे भने यत्रो खाइराखेका छौं, यत्रो पाइराखेका छौं। कसरी लान्छ होला। त्यसले भनेको कुरा कहाँ हुन्छ भने। महागुरू पृथ्वीनारायण शाहको वंशको आत्ममा गएपछि हाम्रो खाइनपाइन स्वाहा पारिदिनुभयो। हाम्रो किपट उन्मुलन गरिदिनुभयो। भूमिसुधार लागु भयो।

महागुरूले इलाम जितपुरका दाजुभाइलाई पनि सम्झाउनुभयो। हाम्रो खाइनपाइन त जान्छ है। हाम्रो अधिकार जान्छ है भन्नुभयो। दाजुभाइले कसरी जान्छ भनेर पाखुरा सुर्किए। तर, ती सबै कुरा गयो। गएपछि लिम्बुले तानेर राख्न सक्यो त? यसरी युग परिवर्तन हुन्छ। त्यतिबेला महागुरूले भन्नुभएको मानिदिएका भए नजाने थियो। साँच्चै नजाने थियो। त्यो सानो राजा त राख्थ्यौं। पछि पञ्चायती व्यवस्था लागु भयो। पञ्चायती व्यवस्था लागु भएपछि हाम्रो सबै अधिकार उप्किएर गयो। हाम्रो अधिकार स्वाहा भयो।

तपाईहरूले माङ सिवाखाहुन त सुन्नु हुन्छ नि। त्यहाँ महागुरूले थिबोङ निङवा चोकमारे अनिन् मुक्किन पेरो भन्नुभएको छ। थिबोङ निङवा भनेको दश विचार हो। दशवटा विचार भएको हुनाले हाम्रो शक्ति गयो। लच्छा निङवा केजोगिर नुब पोङ भन्नुभएको छ। हाम्रो अहिले पनि एउटै निङ्वा छैन। अर्कोले के भन्छ, अर्कोले के भन्छ। अहिले तपाईहरू पनि थिबोङ निङ्वामा नै हुनुहुन्छ। महागुरूले दश विचारमा बाँढिएकाले हाम्रो शक्ति गयो भन्नुभएको छ। हामी कोही छोरीचेलीको सोतरीत खाने, कोही जाँड खाने, कोही रक्सी खाने, कोही तीन दशैं तानेर खाने भयौं। चेलीलाई सकेसम्म बेचेर खाने भयौं। यस्तो भएपछि हाम्रो धर्म कहाँ रह्यो?

महागुरूकै दाजुभाइ जहारसिंह भन्ने बाजेले सत्य धर्म मुचुल्कामा अब छोरीचेलीको सोतरीत नखाने भनेर सही गर्नुभयो। तर, यहाँ आएपछि बेस्सरी खानुभयो। त्यस्ता कर्मले हाम्रो शक्ति लोप भएको छ। हामी छोरीचेलीको सोतरीत खानेतिर लाग्यौं। अझै पनि त्यसलाई हाम्रो संस्कृति भनेका छौं। तोङबा खाने, विवाह गर्दा सकेसम्म तीन चार सयवटा खसी काट्ने, तीन चार सयवटा राँगा काट्ने, त्यो मासु कुहिएर निस्किएको दुर्गन्धले घरमा बस्नै नसकिने बनाउने चलन लिम्बुहरूको छ। मैले अन्य समुदायमा यस्तो देखेको छैन। त्यो चलनले गर्दा लिम्बुको शक्ति नाश भयो। यो कुरा लिम्बुहरूले अझै बुझेका छैनन्। अझै पनि धनीमानीहरूले विवाहमा तीन चार सयवटा खसी, त्यही संख्यामा राँगा काट्नै पर्ने, चेलीहरूले खसी अनिवार्य ल्याउनुपर्ने गर्दा रहेछन्। यसलाई लिम्बुको नाक थाम्ने भन्दो रहेछन्। यो सुन्दा मलाई चाहिँ हास उठ्छ। नाक थाम्नु त होइन, ऋणमा डुबाइसकेका छौं। त्यो चाहिँ थाहा छैन।

महागुरूले ती कुरालाई पन्छाएर राम्रो, पवित्र बाटोमा जाऔं भन्नुभएको हो। ती कुराले किरातको शक्ति त्यसरी लोप भएर गयो भन्नुभएको हो। हामीले थुङमा चामा जानेनौं। आधुङ आजाम ग लाप्पा आजुङ मेम्बी। आधुङ आजाम ग आघेङ मेम्बी। आहिप्सिङ मेम्बी। घाइते हुन्छौं। चोट पर्छ। अनेक पर्छ। नानाभाँती पर्छ। सराप पर्छ। यसले हाम्रो शक्ति लोप भएको हो। त्यसैले महागुरूले भन्नुभएको छ – तिमीहरूले नखानु, नपिउनु है। मासु पनि नखाउ है। सुँगुरको मासु खानेलाई रोग आउँछ। पछि हेर है तिमीहरू मर्छौ। मैले पनि तपाईहरूलाई त्यही भनेको छु। खाइ, नपिइ नसक्नेले पनि कम मात्र खानु। पिएर बुढी र छोराछोरीलाई दुःख दिने काम नगर्नु भनेको छु। किनभने यी कुराहरू पापभित्र पर्छन्। मैले के पनि भनेको छु भने अन्नपानीको सह होला, पैसा पनि होला, तर मान्छेको सह छैन। पृथ्वीमा अहिले करिब सात अर्ब मानिस छौं।

अहिले कोरोना भाइरस भन्ने महामारी आयो। कोरोना भनेको वैज्ञानिक भाषा हो। सर्प र चमेराबाट मिश्रण भएको जीवलाई कोरोना भनियो। यो मान्छेले बनाएको रोग हो। यो वैज्ञानिकहरूको उच्छृङ्खलता हो। उहिले अपुर्वी थियो। अपुर्वी पनि मान्छेले नै बनाएका हुन्। एटम बम मान्छेले बनाएको हो। त्यसकै विकसित रूप हो अपुर्वी। कोरोना पहिले पनि थियो। तर, विकसित भएको थिएन। अहिले विकसित बनाए। चकचक गर्दा छाडी पठाए। अहिले अमेरिकातिर कोरोनाले मान्छे मर्न थाले। चीनले अलिअलि नियन्त्रण गर्दैछ। राज्यसत्ता चलाउनेहरूले नियन्त्रण गर्न सकेनन् भने यसले पाँच अर्ब जति मान्छे लान्छ। पाँच अर्ब भनेको थोरै होइन।

महागुरूले कोरोनाको रोकथाम गर्ने विधि दिनुभएको छ। तपाईले त्यसलाई ख्याल गर्नु। महागुरूले भन्नुभएको छ – पछि तिमीहरूको पालामा ठूलो मार्गी आउँछ। त्यो मार्गी यही हो। महागुरूले त्यो ठूलो मार्गी आउँदा तिमीहरूले रातको १ बजे उठेर कसैसँग नबोली पूर्वतिर फर्केर युमाको प्रार्थना गर्नु, युमालाई धूप पोल्नु। यसो गरे यो मार्गी आफैं निको हुन्छ। त्यसो गरेनौं भने बाँच्दैनौं भन्नुभएको छ। यो कुरा माङसेवासाबा/माङसेवासामाहरूले राम्ररी सुन्नु।

हामीले त फलना यस्ता, ढिस्का यस्ता भनेर मान्छेको कथा गर्न, मान्छेलाई दबाउनु, हियाएर बोल्नु मात्रै जानेका छौं। अरू त जान्दैनौं। तर, महागुरूले भन्नुभएको विधि सबैले सिक्नु। मैले भुटानमा पनि फोन गरें। त्यहाँ पनि तिमीहरूले यस्तो निर्देशन दिनु भनेको छु। आसाम, दार्जिलिङमा पनि फोन गरेको छु। यी कुरा सबैलाई सिकाउनु। कोरोनाका निमित्त तिमीहरूले धूप पोल्नु। कोरोना जसले उत्पत्ति गऱ्यो, जसले सृष्टि गऱ्यो, त्यही गएर तिमी लीन हुनु। यहाँ अशान्ति नहोस्। शान्ति भएर जानु है भनेर धूप पोल्नुपर्छ। यो कुरा महागुरूले भनिसक्नुभएको छ।

माङसेबुङवासीहरू ठूल–ठूला गफ गर्छन्। तर्क गर्छन्। राजनीति

गर्छन्। संसारको कुरा गर्छन्। तर, नाप्ने त केही होइन। म चाहिँ पत्याउँदिन। मान्छेको सह छैन। मान्छेको दिन आइसकेको छ। माङसेबुङवासीहरूले पनि राति १ बजे उठेर कसैसँग नबोली युमालाई धूप पोल्नु। धूप पोल्दा युमालाई कोरोनाको स्वरूप पनि तिमी नै हौ। कोरोना जहाँबाट उत्पत्ति भयौ, त्यही जानु। यहाँ खुट्टा पनि आँट्दैन। हात पनि आँट्दैन। यहाँ शान्ति होस् भनेर धूप पोल्नु। धेरै शब्द पनि चाहिँदैन।

महागुरूले सिकाउनुभएको यो कुरा तपाईहरू सबैले सिक्नु। अरूलाई पनि सिकाउनु। माङसेवासाबा/माङसेवासामाहरूको सुत्ने दिन छैन। मैले पहिले पनि भन्दै आएको छु, आछुछु भन्ने दिन छैन। मैले पनि बिहानै उठेर, नुहाएर धूप पोलेको छु। पोलिरहन्छु।

यो रोग नियन्त्रण गर्न विश्व स्वास्थ्य संगठनले पैसा जम्मा गर्दैछ। औषधि पत्ता लगाउँदैछ। यदि औषधि पत्ता लागेन भने पाँच अर्ब मान्छे लान्छ। पाँच अर्ब मान्छे मरियो भने संसार शून्यजस्तै हुन्छ। अहिले अटोमेटिक नाका लाग्न थाल्यो। भारत–नेपाल सीमा बन्द। नेपाल–चीन सीमा बन्द। छिर्न पाइँदैन। अमेरिका बन्द। आजको तथ्यांकमा मात्रै आठ हजार जना मान्छे मरिसके। यसरी बुरूरू मर्दैछन्।

कोरोनाको लक्षण चाहिँ मार्गी लागेजस्तो, सिंगान आउने रहेछ। हाच्छिउँ पनि लाग्दो रहेछ। अब हामीले रूमाल बोक्नु पर्‍यो। नजिक बस्नु हुँदैन। टाढा–टाढा बस्नुपर्छ। आवागमन बन्द गर्दै जानुपर्छ। नेपालको सिराहा, सप्तरीमा चाहिँ तीन चारजनालाई शंका लागेर अस्पताल लगेका छन्। काठमाण्डौमा एकजना अस्पतालमा नै छ। यसको औषधि अनुसन्धान गरिरहेका छन्। नेपालजस्तो गरिब देशमा कोरोना फैलियो भने सखाप हुन्छौं। यसले ठूलो सानो भन्दैन। प्रधानमन्त्री भन्दैन। गुरू पनि भन्दैन। सबै स्वाहा हुन्छन्। त्यसैले सतर्क रहनु पर्‍यो। यसका लागि पनि बेग्लै चोखो सेवा गरौं भनेर तपाईहरूलाई निमन्त्रणा गरेको छु। यसलाई बाटो दिनुपर्छ। कहाँबाट

उत्पत्ति भयो, त्यही जानु भन्नुपर्छ। जहाँ सृष्टि भएको हो त्यही गएर लीन हुनु है भनी बाटो दिनुपर्छ। कल्ले ग यरिक आदेरो।

मैले प्रत्येक प्रवचनमा तपाईहरूलाई भनिराखेको छु। आज पनि त्यही कुरा भनेको छु। अझ यसको विश्लेषण गरेर भनेको छु। कोरोना भनेको चमेरा, गोमन सर्पको विषबाट बनेको चीज हो। कोरोना, इबोलालगायत रोगहरू सबै मान्छेले बनाएका हुन्। चीनले कोरोनाको औषधि बनाउँदैछ। अब सबै चीज चीनसँग गुहार माग्ने दिन आयो। यस्ता रोगहरू आउँदैछ। पहिला यम्ब तुङ वे ग। यम्ब तुङले ग पाङभे पाङभे सखाप आबोखे। दबाइपानीले नियन्त्रण गऱ्यो। त्यो एटम बमको ग्यास हो। जापानको हिरोसिमामा अमेरिकाले एटम बम झारेपछि त्यो रोग आयो। अझै पनि त्यो घरिघरि निस्किन्छ। कोरोना पनि त्यस्तै हो। कोरोना देखिँदैन। माइक्रोस्कोपले हेर्दा यत्रो यत्रो देखिन्छ। त्यसले मान्छेको रगत चाटेर खाँदो रहेछ।

चीनको वुहान भन्ने ठाउँमा मासु खान प्रतिबन्ध गऱ्यो। मासुबाट कोरोना सर्दो रहेछ।  पशुपक्षीबाट पनि सर्छ। चिसो फलाममा एक हप्ता बाँच्दो रहेछ। माइक्रोफोनमा पनि फलाम छ, चिसो छ भने यसमा पनि एक हप्ता बस्छ। त्यस्तो खतरा चीज हो। यसबाट बच्नु पऱ्यो। तपाईहरूले नुहाएर, खाना खाएर, दिसापिसाब गरेर साबुन पानीले तीन चोटी हात धुनु होला। म पनि मज्जाले तीनपटक धुन्छु। अझ मनतातो पानीले धुनुपर्छ।

हामी पनि जमघट गर्छौं। हामी पनि सभा समारोह गर्छौं। त्यसैले होसियारी अपनाउनुपर्छ। मलाई पनि शंका लागेको छ, हामीले आइतबार दर्शन भेटको कार्यक्रम राखेका छौं। त्यो पनि अलि कम पो गर्नुपर्छ कि।

कोरोना मधेश तराईमा, सिमानातिर फैलिएर आयो भने हामी पनि सतर्क हुनुपर्छ। भारतको दिल्लीमा आवतजावत बन्द गरिसक्यो। हवाईजहाज सबै रोकिसक्यो। दोकान बन्द छ। अमेरिकामा सबै बन्द।

स्टक गरेको सामान सकियो। यसले एकैचोटी विकसित मुलुकहरूमा, विकास भएका ठाउँमा छोपेको छ। इरानमा मान्छे मरे। इटलीमा मान्छे मरे। दक्षिण कोरियामा पनि भेट्यो। उत्तर कोरियामा पनि भेट्यो। संसारमा सबै सशंकित भए। राजा, महाराजा, राष्ट्रपति सबै आतंकित भएका छन्। यस्ता समस्याहरू छन्।

मैले तपाईहरूलाई सधैं भनिराखेको छु, डाक्टरले पत्ता लगाउन नसक्ने रोग आउँछ है। आयो त। डाक्टर छन्, तर रोग पत्ता लाग्दैन। औषधिले नै भेट्दैन। अब के गर्नु? समस्या आयो। नेपालमा त परीक्षण गर्ने मिसिन पनि छैन। अरू देशले दिए भने मात्र हो। नेपालमा पनि अहिले सभा, सम्मेलन गर्न, जमघट गर्नु कडाइ गरेको छ।

कोरोना फैलिँदै गए देशको अर्थतन्त्र कमजोर बनाउँछ। अर्थतन्त्र डामाडोल हुन्छ। संसारको आर्थिक नीति नै डामाडोल हुन्छ। डामाडोल भएपछि ऋण लिने, दिने डामाडोल हुन्छन्। यो माङको परीक्षण हो कि के हो! हाम्रा छोराछोरीहरू विदेश छन्। मेरा पनि छन्। कोरोनाले भेट्यो भने त बिजोक हुन्छन्। अप्ठ्यारो हुन्छ। त्यसैले हामी एक होऔं। एक विचार बनाएर माङको सेवा गरौं। माङले हाम्रो प्रार्थना सुनिदिओस्। हामी एकजुट भएनौं भने सुन्दैनन् है। माङले पत्याउँदैन। माङले पत्याउने गरी हामी एकजुट हुनुपर्छ। माङ भनेको त्यस्तो शक्तिशाली छ। माङले छड्के आँखाले हेर्‍यो भने पनि हामीले चिताएको कुरा पुग्छ। हाम्रो सेवा लागोस्। हामीले गरेका सेवा माङले सुनिदिओस्। त्यति भए हाम्रो रक्षा हुन्छ। मैले भन्नु खोजेको त्यो हो।

तपाईहरू माङप्रति लीन हुनुभएको छैन। हामी किरात धर्मावलम्बी त भएका छौं। तर, धर्ममा लीन भएका छैनौं। बाहिर बाहिर मात्र छौं। माङ खुसी हुने गरी लीन हुनुपर्छ। त्यसो भए राम्रो भएर जान्छ। सिक्कुम निङवा तङर पेक। आबातुम्बा, आजेखुम्बा, आइतुम्बा केत्ताङ पेक। म यही कुरा भन्छु।

आज माङसेवासाबाहरूको सम्मेलनमा यो कुरा बोल्न पाएँ। मलाई

खुसी लागेको छ। माङसेवासाबा/माङसेवासामाहरू अब पल्टनको सिपाहीजस्तै कोरोनासँग लड्ने बेला भयो। कोरोना देखिँदैन। जीउमा पस्यो भने मरिन्छ। समस्या आयो। तपाईहरू आजदेखि नै सतर्क रहनुपर्छ। माङसेबुङवासी मेरा छिमेकीले पनि धेरै गफ नगर्नु होला। अनिवार्य नुहाएर धूप पोल्नु।

वैज्ञानिकको दिमागमा माङ कसरी पस्यो, कोरोना कसरी बनाए। कसरी छोडिपठाए। कसरी नियन्त्रण गर्न सकेन। यो अचम्म छ। इबोला त नियन्त्रण गरे। बर्डफ्लु पनि नियन्त्रण गरे। अब यसको पछाडि अर्को आउँछ। त्यसले सुतेको सुतेकै बनाउँछ। बिरामी नभई गइन्छ। त्यसैले हामी सतर्क रहनुपर्छ। यही कुरा तपाईहरूलाई सुनाउन चाहन्छु।

महागुरूले दिनुभएको विधिमा सबैले विश्वास गरौं। मैले भनिसकेको छु, युमाले छड्के आँखाले मात्र हेरिदिए हामीलाई पुग्छ। धेरै चाहिएन। माङले मन पराउनुभयो भने त हामीलाई सबै रोगबाट शान्ति हुन्छ। तर, हामी माङलाई प्रसन्न नै बनाउन सक्दैनौं। माङलाई प्रसन्न बनाउने काम गर्नुपर्छ। त्यसो गरे मात्र रक्षा हुन्छ। अलि अलि मुन्धुम वाचन गरेर अहिलेसम्म सुरक्षित भएका छौं। माङलाई पूर्णरूपमा खुसी बनाउँदा हाम्रो रक्षा हुन्छ। हाम्रो ज्ञान विवेक पनि आउँछ। हामीले सोचेका कुरा सबै पूरा हुन्छ।

कोरोना हरेक चीजमा बस्छ। चिसो ठाउँमा पनि बस्छ। टल्किने चीजमा पनि बस्छ। चिसो चीजमा धेरै बाँच्छ। तातो चीजमा अलि थोरै बाँच्छ। यो त्यस्तो खालको चीज हो। यसको विश्लेषण भइराखेको छ। अनुसन्धान गरिराखेका छन्। यसको अनुसन्धानका लागि विश्वभरका वैज्ञानिकहरू लागेका छन्। सबैभन्दा पनि सुँगुर, कुखुरा, परेवाबाट अलि बढी सर्छ। चराहरूले सार्छ। यस्ता कुराहरू आउँछन्। माङ तते भन्छ है यसलाई। माङलाई रिस उठेको हो। यसबाट बच्ने उपाय गरौं।

हाम्रो देशले पनि औषधि बनाउनुपर्छ। सरकारले नै जनता

जोगाउने अभियान गर्नुपर्छ। सरकार चुपचाप बसेर हुँदैन। अरू देशले सहयोग गरेर गरौंला भनेर हुँदैन। अप्ठ्यारो छ। अब राजा, मन्त्री सबैले सम्झिने, बुझ्ने दिन आयो।

यहाँ काठमाण्डौबाट पनि आउनुभएको छ। अमेरिकाबाट पनि आउनुभएको छ। अब फर्किनु गाह्रो छ। फर्किनु दिंदैन। हामीलाई अटोमेटिक नाका लागेको छ। भोलि पर्सि माङसेबुङ-दमक गाडी कुद्न बन्द गर्नुपर्छ। हामीले नै रोक्नुपर्छ। स्थिति त्यस्तो आउँदैछ। यो विकराल स्थितिबाट हामी जोगिऔं। यही कुरा अनुरोध गर्न चाहन्छु।

यो एक प्रकारको प्रलय हो। उहिले यस्तै प्रलयले संसार नाश भएको छ। यो नियन्त्रण गरेन भने पाँच अर्ब मान्छे सकिन्छ। हामी सबै सकिन्छौं। संसारमा करिब दुई अर्ब मान्छे रहन्छ। त्यो पनि रहन्छ कि रहँदैन। यसरी नै पहिले पनि समाप्त हुँदै आएकाले अनेक मुन्धुमहरू बने। मन्त्रहरू बनेर आएको कारण नै यही हो। तपाईहरू यसबाट सतर्क रहनु। नुहाएर धूप पोल्नु।

माङसेवासाबाहरूको २२औं वार्षिकोत्सव हामीले मनायौं। मेरो तर्फबाट, गुरू परिवारको तर्फबाट शुभकामना। आशीर्वाद छ। कार्यक्रममा बीस पच्चीस हजार जम्मा हुँदै जाऔं। एकतामा बाँधिँदै जाऔं।

माङसेवासाबा/माङसेवासामाहरूको संस्था कम्पनीको रूपमा दर्ता गरेका छौं। कम्पनीको नाममा राख्नुको अर्थ छ। तपाईहरूले भोलि पर्सि मात्र बुझ्नु हुनेछ। कम्पनीको नाममा जग्गा जमिन राख्न पाइन्छ। हामीले जमिन किनेका छौं। यो वरिपरि धेरै जमिन किनेका छौं। अब किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना समितिको नाममा नअट्ने भएपछि हामीले ती जग्गा यस संस्थामा राख्नुपर्छ। उत्तरेमा गुरूआमाको नाममा जग्गा छ। त्यसलाई पनि एउटा संस्था दर्ता गरेर राख्नुपर्छ। आगोटेबारीको जग्गालाई गुरू आत्मानन्द प्रतिष्ठान खोलेर त्यहाँ राख्नुपर्छ। महागुरू जन्मभूमिलाई पनि किनेर त्यसरी

नै राख्नुपर्छ। हामीले धेरै जमिनहरू हाम्रो संस्थाको नाममा राख्नुपर्छ।

संस्थाहरू अझै बढाउनुपर्छ। त्यसको नाममा जग्गा जमिन राख्ने प्रावधान मिलाउनु पर्नेछ। त्यसरी लाग्यौं भने राम्रो हुन्छ। हाम्रो सम्पत्ति बाहिर नजाओस्। हाम्रो संस्थाभित्र रहोस्। माङगेन्नाको नाममा हदबन्दी लागेर जग्गा राख्ने अवस्था छैन। त्यसैले जग्गा व्यवस्थापन गर्न यस्तै संस्थाहरू खोल्नुपर्छ। तपाईहरूले यी कुरा बुझ्नु। संस्था किन खोलियो भन्ने कारण यो हो। उनीहरूको संस्थाका हजारौं बिघा जमिन हुँदा पनि हदबन्दी लाग्दैन। हाम्रोलाई लाग्छ। सरकारले नियम यस्तै बनाएको छ। त्यसैले संघ संस्थाहरू खोलेर त्यसको नाममा जमिन राख्दै जानुपर्छ।

अरूले बाख्रा, गोरूको बिमा गर्छन् र पैसा थाप्छन्। हाम्रो त्यस्तो ज्ञान छैन। हामीले त्यो तरिका सिक्नुपर्छ। बाँच्नु त पऱ्यो। संघ संस्था खोलौं। त्यसको नाममा जमिन राख्दै लैजाऔं। मैले तीन चारवटा संस्था त खोलिसकेको छु। एउटा दोकान पनि खोलेको छु। त्यसको नाममा पनि हामी राख्छौं। एउटा कन्स्ट्रक्सन कम्पनी पनि खोल्नुपर्छ। त्यसको नाममा पनि राख्न सकिन्छ। यसै गरेर संस्था धेरै खोलेर राजस्व बुझाउनुपर्छ। नवीकरण गर्नुपर्छ, राख्नुपर्छ। कुरो त्यो हो। यस्ता दिमागमा त अन्य साथीभाइ नै अगाडि छन्। हामी पछाडि छौं है।

माङसेवासाबाहरूको संस्था दर्ता गरियो। अब यस (भवन)लाई बनाउन सरकार गुहारौं। डिपिआर बनाऔं। यसो गर्दा त दिन्छ नि। २०/३० लाख रूपैयाँ दिए त बनाउँछौं। संस्था दर्ता गर्नु भनेको सरकारसँग माग्ने बाटो हो। सरकारसँग पैसा छ छैन, माग्नु चाहिँ पर्छ। अब यसरी गर्ने हो। अब कोही ठाउँमा चाहिँ हाम्रो पैसा मात्र लगाएर सेवा गर्नुपर्ने माङले मागेको छ। त्यसमा हाम्रो पैसा मात्र लगाएर गर्नुपर्छ। कोहीमा सरकारको पैसा लगाएर बनाउनुपर्छ। त्यसो गर्दै जाने हो। त्यसरी नगइ हुँदैन। उहिले हामीले दिइहाल्यौं। अब

माग्नुपर्छ नि। पहिले त हाम्रो नै थियो नि। अब उल्टो माग्ने बेला आयो।

तपाईहरूले मुन्धुम बेस्सरी अध्ययन गर्नुपर्छ। मुन्धुममा के के छ, त्यो कुरा जान्नुपर्छ। अत्यन्तै विवेकशील हुनुपर्छ। फेरि हाम्रा माङसेवासाबा त हाहा हुहु गर्ने मात्र छन्। त्यसरी त हुँदैन। चलाख हुनुपर्छ। चतुर हुनुपर्छ। हामीलाई ज्योतिष विज्ञानमा पनि उत्तिकै जान्ने, समाज विज्ञान पनि उत्तिकै जान्ने, धार्मिक विज्ञानमा पनि उत्तिकै जान्ने मान्छे चाहिन्छ। यो संस्थाले त्यस्ता मान्छे जन्माउनु पऱ्यो। त्यसो भए मात्र यो मुजोत्लुङ माङहिम थामिन्छ। नत्र थामिँदैन। हामी भइञ्जेल चल्छ, हामी मरेपछि सकिन्छ। यस्ता ज्ञान सिकाउँदै गयौं भने एक दुईजना निस्किन्छन्। उहिले महागुरूले पनि भन्नुभएको छ, पछि कुरा बुझ्ने एक दुईजना निस्किन्छन्। अहिले कुरा बुझ्ने निक्कै बढेका छौं। हाम्रा भावी सन्ततिलाई बुझ्ने बनाउनुपर्छ। हाम्रो मुन्धुम, शसी, कथा जान्ने बनाउनुपर्छ। तर, ती कुरा जानेपछि अहंकार गर्नु हुँदैन।

खानेलाई बेस्सरी खानु देउ भन्नुपर्छ। मेरो चाहिं रोग छ खाँदिन भन्नुपर्छ। जोगिनु पऱ्यो नि। खाउ कि खाउ भन्छन्। तिमीहरूले धर्म चाहिं चिन है, धर्म यो है, हाम्रो बाटो यो हो, भनेर देखाउँदै बिस्तारै जानुपर्छ। त्यो काम माङसेवासाबा/माङसेवासामाको हो। यो भनेको स्लो पोइजन हो। यसो गरे हाम्रो धर्म फैलिन्छ।

मेरै ससुरालीमा एकजना साँबा ठूलो बिजुवा थिए। बहादुरी भन्थ्यो। ऊ चिन्ता गर्न सिपालु।  येबा संघ गठन गरेर सितोकको नाममा आउने रक्सी के के खाने मेलो गरेछन्। जाँड, रक्सी, मासु, मंस, सबै लगिदिन्थ्यो। सबै खान्थ्यो। सितोक खाउँ है भन्दा रोग लाग्यो, मरिगए। त्यही खाएकाले खायो। हामी यस्तो सिपालु पनि छौं। त्यसैले मैले भनेको चाहिं कुमार्ग नभई सुमार्गको बाटो लिने हो। स्वास्थ्यलाई पनि ख्याल गर्नुपर्छ। स्वास्थ राम्रो भए हामी जे पनि गर्छौं। खराब भए

गर्न सकिँदैन। त्यसैले यो धर्मले स्वास्थ्य विज्ञानलाई पनि अपनाएको छ। मान्छेलाई सुरक्षित राख्ने, हृष्टपुष्ट राख्ने, रोगले आक्रमण गर्न नसक्ने हुने। यो कुरालाई पनि यो धर्मले अँगालेको छ। यसलाई पनि तपाईहरूले ध्यान दिनुपर्छ।

माङसेवासाबा/माङसेवासामा भइसकेपछि मान्छेले बस्न दिँदैन। बस्नु पाइँदैन। तपाईहरूले यो सन्देश समाज र भक्तजनसम्म पुऱ्याउँदै गर्नुपर्छ। हामी खाने पिउने समाजमै जन्मिएका हौं। हामीलाई त्यो कुरा राम्रो थाहा छ। त्यसबारे ज्ञान छ। अरूले सिकाउनु पर्दैन। त्यो खाने कुरामा कुसंस्कार छ भन्ने जान्नुपर्छ। त्यो खानेकुराले घमण्ड, क्रोध उत्पादन गर्छ। त्यसलाई हामीले बिस्तारै कम गर्दै जानुपर्छ। अनि मात्र जीवन बन्छ। जीवन बनेपछि सन्तोष हुन्छ। सबै कुरा राम्रो हुन्छ। व्यवहार राम्रो हुन्छ। आय स्रोत राम्रो हुन्छ। विचार राम्रो हुन्छ। सबै कुरा राम्रो हुँदै जान्छ। त्यो चीजमा डुब्यौं भने राम्रो हुँदैन। सबै कुरा बिग्रँदै जान्छ। हामी सकिन्छौं।

आजको हाम्रो भेलामा मलाई खुसी लाग्यो। महागुरूको भनाइ अलिकति व्याख्या गरिदिएको छु। महागुरूले हामीलाई के दिन खोज्नुभएको थियो। किन आउनुभएको थियो। यो कुरा हामीले जान्न जरूरी छ। महागुरूलाई राज्यले चिनेर राष्ट्रिय विभूति बनाएको छ। राष्ट्रिय विभूतिको रूपमा महागुरूको गणना आउँछ। जसका कारण हामी धेरै कुरामा माथि पुगेका छौं। अब हामीले माङसेबुङलाई राष्ट्रको सम्पदा सूचीमा राख्नुपर्नेछ। फाल्गुनन्द मार्गलाई पूरा गर्नुछ। यो रिङरोडलाई पूरा गर्नुछ। रिङरोड निर्माणका लागि पनि बजेट छुट्यो होला। फाल्गुनन्द मार्गमा त धेरै पैसा छुट्टिएको छ। फाल्गुनन्द मार्गलाई ओलाङचुङगोला जोडाउनु छ।

हामीले विकासका कुरामा पनि ध्यान दिइराखेका छौं। हामीले सानोतिनो विकास त गरिराखेका छौं। हाम्रो भेटीबापत उठेको रकमबाट बाटो खनेका छौं। अहिले तपाईहरू सजिलोसँग गाडी लिएर

माङसेबुङ आउन सक्नु हुन्छ। त्यतिसम्म हामीले बाटो बनाएका छौं। यसलाई पिच बनाउनु पर्‍यो। यस क्षेत्रलाई हराभरा बनाउनुपर्‍यो। माङसेबुङलाई वरिपरि फूलाबारीले झिलिमिली बनाउनुपर्‍यो। अझै धेरै कुरा गर्न बाँकी छ। हाम्रो मुजोत्लुङ माङहिम बनाउनुपर्‍यो। त्यसमा कम्तीमा पाँच छ अर्ब रूपैयाँ खर्च हुन्छ। यसमा हाम्रो लगानी हुनुपर्छ। निजी आश्रमलाई पनि हामीले बलियो बनाउनुपर्छ। तपाईहरूको आ–आफ्नो क्षेत्रमा महागुरूको शालिक स्थापना भइराखेको छ। प्रगति भइराखेको छ। आ–आफ्नो क्षेत्रमा खर्च भइराखेको छ। यो हेर्दा हाम्रा मान्छेसँग पैसा त रहेछ नि। हामीले सिद्धिशक्ति पाइराखेका छौं। अब हामीले महागुरूको शालिक ठाउँठाउँमा स्थापना गर्ने योजना बनाएका छौं। यस पटक चौबीस थुमको दुई ठाउँमा शालिक गइसक्यो। मोरङको लेटाङमा पनि गइसक्यो। अन्य ठाउँमा पनि अनावरण गर्ने काम भइराखेको छ। यो धार्मिक विकास हो।

माङसेबुङको सानोतिनो विकासमा वडा कार्यालयले पनि खर्च गरिराखेको छ। गाउँपालिका, प्रदेश र संघीय सरकारले आँखा लगाइराखेको छ। शासकहरूको आँखामा महागुरू बसेर यहाँ विकास दिइराखेका छन्। यसलाई सम्हाल्नु अलि साह्रो परेको छ। यसलाई सम्हाल्नु सक्नुपर्छ। हाम्रो देश बन्छ। देशभर बाटो पुगेको छ। बाटो पुगेकाले मान्छेले भारी बोक्न बिर्सिसकेका छन्। हिजो अस्तीसम्म हामीले पनि भारी बोकेको हो। अहिले बिर्सिसक्यौं। विकास आएपछि सुविधा भएको छ। सुविधा भोग्ने समयमा हामीलाई विभिन्न किसिमका अवरोध पनि आउँदैछ। सुविधा भोगौं भन्दा मरिने हो कि क्या हो! यस्तो पो छ।

मच्छडले बिहानै उसको परिवारलाई अर्ती दिन्छ रे – हेर नानीहरू हो। अब म बाहिर चर्न जान्छु। मेरो टोकाइ पनि खतरा छ, मान्छेको ठोकाइ पनि खतरा छ। मान्छेको ठोकाइमा परें भने त म आउँदिन। तिमीहरूले काजकिरिया गरिहाल्नु है। अहिले हाम्रो

स्थिति पनि त्यस्तै छ। बाहिर गएपछि फर्केर आइन्छ कि आइँदैन भन्ने समस्या छ। हामीले यस्ता समस्यासँग पनि जुध्नुपर्ने रहेछ। यी समस्या समाधान गर्न दह्रो माङसेवा गर्नुपर्छ। मेरो अनुरोध यही छ। एउटा उपाय त निस्किन्छ जस्तो मलाई लाग्छ। वैज्ञानिकहरूले भौतिक हिसाबले उपाय खोजिराखेका छन्। हामी आध्यात्मिक हिसाबले उपायहरू खोजौं।

तपाईहरूले यो कार्यक्रम गर्नुभएकोमा खुसी छु। हाम्रो माङसेवासाबाको संस्था दर्ता भएको छ। सरकारको नजरमा पुगेको छ। यसले पनि राम्रो गर्छ। सरकारसँग माग्ने काम गर्नु होला। मागौं भन्दा तपाईहरूको दर्ता छैन ल्याउ भन्छ। प्रमाण छैन भन्छन्। अब त प्रमाण छ। दर्ता छ।

मुजोत्लुङ माङहिम बनाउँदा हाम्रो खर्च प्रसस्त लगाउनुपर्छ। सरकारी खर्च अलि कम। पाँच छ अर्ब रूपैयाँले मात्र माङहिम बन्छ। त्यसमा पनि तयारी भएर बस्नु होला। निजी गुरू आश्रमलाई बलियो बनाउनु छ। आश्रम बलियो भए सबै ठाउँ बलियो हुन्छ। यो कुरा तपाईहरूले बुझ्नु होला। त्यसैले तपाईहरूले पहिले त्यसतर्फ ध्यान दिनु होला। यो कुरा पनि अनुरोध गर्न चाहन्छु।

सेवा राम्रो लगाऔं। धूप राम्ररी पोलौं। हाम्रो उपाय त्यही हो। पानी तताएर पिउने गरौं। यो कोरोना मार्गीबाट हामी सबै जोगिऔं। माङले हामीलाई रक्षा गरोस्। म समेत पो आत्तिन थालें। मेरो घरमा बिहानै आएर छलफल गर्छन्। समाचारमा दिइरहन्छ। कोरोना भाइरसको छलफल भइरहन्छ। अब कसरी जोगिने भन्ने बारे सबैको ध्यानाकर्षण भएको छ। यो कुरामा हाम्रो पनि ध्यान जाओस्। यसबाट बच्ने उपाय महागुरूले भन्नुभएको छ। यस्ता रोग आउँछ भनेर महागुरूले उहिले देख्नुभएको हो। अब त्यो आयो। महागुरूले जे भन्नुभयो, उपाय भनेको त्यही हो। कोहीसँग नबोली नुवाइधुवाइ गरी पूर्वपट्टि फर्किएर युमाको नाममा धूप पोलौं है। यो कुरा सिकौं। हाम्रा लागि खोप भनेको त्यही

हो। भौतिकवादीले खोप लगाएर नियन्त्रण गर्छन्। अब आ-आफ्नो तरिकाले गर्ने बेला भयो। धर्मावलम्बीहरूले आफ्नै पाराले गर्ने बेला भयो। किरात धर्मावलम्बीले यसरी गर्छौं। हिन्दु, क्रिश्चियन, बौद्ध आ-आफ्नो पाराले गर्छन्।

युमाको सच्चा भक्ति, सेवा गर्ने हामी है। महागुरू शिरबन्दी, कण्ठा लगाएर युमाको अवतारमा आउनुभएको हो। अहिले युमा भन्नेहरूले नै उहाँको बिरोध गर्छन्। मलाई हास उठ्छ। उनीहरूले कुन युमा खोज्दैछन्! युमा त अर्को छैन। तपाईहरूले मुन्धुम हेर्नुहोस्। पेनीहरूले महागुरूले सरस्वती माता भन्छन्। हामी युमा माङ भन्छौं। युमामाङ भनेको युमाको गहना पहिरिएर युमाको रूपमा मानिन्छ। माथि युमाको शालिक बनाउँदै गरेको युमामार्गी हौं भन्नेले भत्काए। त्यो त राम्रो हुँदैन नि। त्यस्तो कर्मले मासिन्छ। त्यही युमा रिसाएर कोरोना आएको है। कोरोना भनेको मान्छेले बनाएको हो। के बुद्धि आयो, बनाए। छाडिपठायो। मान्छे सखाप भयो। यसबाट बच्न युमालाई धूप पोल्नु पर्‍यो। अमेरिका, चीन आरोप प्रत्यारोप गर्छन्। तर, यसमा युमाको खेल छ। त्यसैले युमा प्रसन्न हुने गरी हामीले सेवा गर्नुपर्छ। युमाले हामीलाई यसो हेरे मात्र पनि हाम्रो रक्षा हुन्छ।

आजको हाम्रो कार्यक्रम राम्रो भयो। माङसेवासाबा/माङसेवासामाहरू चाहिँ अलि धेरै जम्मा हुनुपर्छ। आज विदेशका त आउनुभएको छैन। एकजना चाहिँ देखें। तपाईहरूले धूप पोल्दा छोराछोरी कहाँ छन्, त्यो पनि सम्भिनु। तपाईको परिवारहरू कहाँ छन्, त्यो सम्भिनु। हाम्रा परिवारका सदस्यहरू सबै विदेश छन्। उनीहरूलाई सम्भिएर सेवा गर्नु होला। यो कुरा तपाईहरूले राम्रो सुन्नु। यो कुरा राम्ररी प्रयोग गर्नु। यो कुरा हो वा होइन भनी प्रयोग गर्नु। धेरै राम्रो हुन्छ। माङसेबुङ बस्ने सबैले त्यसो गर्नु भनेको छु। त्यो सल्लाह दिइराखेको छु।

हामी फेरि पनि जमघट हुनुपर्छ। सरकारले जमघट हुन बन्द गरेको छ। तर, हामी जमघट हुनुपर्छ। माङको दया, कृपा हो। म यही

कुरा गर्न चाहन्छु। हाम्रो २२औं वार्षिकोत्सव आज सम्पन्न भयो। कोरोम पुग्यो। नीति नियम त बाँध्दै जाऔंला। बिस्तारै गर्दै जाऔंला।

अब छापाखाना राखिहाल्नुपर्छ। त्यो सञ्चालन गर्न पनि संस्था चाहिएको छ। दर्ता गर्न लगाएको छु। त्यो संस्थाको नाममा छापाखाना राख्नुपर्छ। अहिले त सरकारले यति पैसा पनि खोज्छ। त्यसैले छापाखानालाई पनि सरकारलाई देखाएर राख्नुपर्छ। छापाखाना चलाऔं। अब आवश्यक चीजहरू सबै चलाउँदै जाने हो। मुन्धुमहरू छापौं। महागुरूको शिवाखाहुनलाई खण्ड खण्ड गरी प्रकाशन गरौं। अन्य शिवाखाहुनहरू पनि छन्। जस्तो सिरिजंगाले दिएका शिवाखाहुन, कान्देनहाङले दिएका शिवाखाहुन, माबोहाङले दिएका शिवाखाहुनलाई एउटै ठाउँमा राखेर छापौं। त्यहाँ राम्रा राम्रा शिवाखाहुनहरू छन्। त्यसअनुसार हिंड्यौं भने त राम्रो नि। तर, हामी हिंड्दैनौं। तोङबा खाएपछि त सकियो। माथि मेरो गाउँमा अझै पनि त्यस्तै रहेछ। तोङबा खाएर जे जे बोल्छन्। त्यस्ताले राज्य, देश, कानुन के थाहा पाउँछन्! त्यसैले अब विवेकशील बनाउने, चेतनशील बनाउने, विकासमा अगाडि बढाउने हो। हाम्रा मान्छे शिक्षा, स्वास्थ्य, हरेक कुरामा अगाडि बढ्ने हो। जागिरमा पनि अगाडि बढ्ने हो। सबै कुरा गर्नुपर्छ। त्यो हाम्रै लागि हो। हाम्रो समाजका निम्ति हो। समाजको मुक्तिका लागि हो।

यही कुरा भन्दै अब लामो बोल्न चाहन्न। अब मेरो उपदेश भनौं वा मेरो सन्देश यही नै टुंग्याउन चाहन्छु। हामी सबै एक होऔं। किरात एक होस्। हाम्रो धर्म विकास होस्। यही कुरा माङसँग प्रार्थना गर्दै म बिदा हुन चाहन्छु।

आसेवारो।

*किरात साम्यो माङसेवासाबा पान्जुम्भो २२औं स्थापना दिवस*
*२०७६ चैत ५ गते, माङसेबुङ, नेपाल*

# भर्चुअल्ली कनेक्टिङ किरात किन?

भौगोलिक रूपमा अलग भए पनि भावनात्मक रूपमा विश्वभरका किरात धर्मावलम्बीहरूलाई जोडेर किरात धर्मावलम्बीहरूलाई किरात धर्म र सम्बद्ध विषयहरूबारे –

- सही सूचना र विचार प्रवाह गर्न,
- कर्मकाण्डमा एकरूपता दिलाउन,
- आलोचनाको खण्डन गर्न,
- आन्तरिक तथा बाह्य विवाद न्यूनीकरण गर्न,
- किरात धर्म र सम्बद्ध विविध विषयहरूबारे विचार विमर्श गर्न,
- अनुभव र अनुभूति साटासाट गर्न,
- केन्द्रीय नीतिहरू यथासक्दो चाँडो सर्वत्र पुऱ्याउन,
- किरात धर्मसम्बद्ध विविध कार्यक्रमहरूलाई एकरूपता दिलाउन,
- किरात साम्जीक मुन्धुम वाचनको उच्चारण र लयमा एकरूपता दिलाउन,
- किरात धार्मिक चाडपर्वहरूको सही व्याख्या, विश्लेषण र एकरूपता दिलाउन,
- माङसेवा साम्लोको लयलाई बचाइराख्न,
- माङइङघङ (देववाणी) र माङसिवाखाहुन (धर्मोपदेश)लाई विश्वव्यापी गराउन,
- किरात धार्मिक पहिरनमा एकरूपता दिलाउन, यसमा बढ्दै गएको गलत परिमार्जीकरणलाई रोक्न इत्यादि।


**व्यवस्थापनर्फ :**

अवधारणा/संयोजक : रामकुमार सिंथेबे

सदस्य : गोविन्दहाङ मादेन

सदस्य : लालबहादुर लिङ्देन

सदस्य : दुर्गाबहादुर सिंथेबे

सदस्य निर्मल पतङवा

सदस्य : गंगामाया योङहाङ थेबे

**सम्पादनतर्फ**

अवधारणा/सम्पादक : माङमिङसोहाङ लिङ्देन

अनुसन्धान/लेखन : धनबहादुर फागो

माङसेबुङ प्रतिनिधि : सुमन लाओती